कोहलपुर नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय, बाँके

## सामी कार्यक्रमको लागि कर्मचारी आवश्यकता सम्बन्धि सूचना

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

(प्रथम पटक प्रकाशित मिति: २०७९।०४।१२)

सुरक्षित आप्रवासन सामी नेपाल सरकार र स्वीस सरकार बीचको द्विपक्षीय सम्झौता अनुसार स्वीस सरकार विकास सहयोगको तर्फबाट हेल्भेटास नेपालले प्राविधिक सहयोग उपलब्ध गराइरहेको सामी कार्यक्रम अन्तर्गत सुरक्षित वैदेशिक रोजगार सम्बन्धी आप्रवासी स्रोत केन्द्र सन्चालन गर्न तथा कोहलपुर नगरपालिकामा वैदेशिक रोजगार सम्वन्धी सचेतीकरणका कार्यक्रमहरु, मनोसामाजिक परमर्श सेवा, वित्तिय साक्षरता सन्चालन गर्नका लागि निम्नानुसारको जनशक्तिको आवश्यकता परेको हुनाले योग्य अनुभवी नेपाली नागरिकहरुबाट तल उल्लेखित पदका लागि दरखास्त आह्वान गरिएको छ। कर्मचारी छनौटको विधि **कोहलपुर नगरपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५** बमोजिम हुनेछ।

| क्र. सं. | पद | पद संख्या | योग्यता |
|---|---|---|---|
| १ | आप्रवासी स्रोत केन्द्र परामर्शकर्ता | १(महिला) | न्यूनतम प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरी परामर्श कार्य वा सामाजिक परिचालनमा कम्ती ३ वर्षको कार्यानुभव भएक साथै स्थानीय भाषा जानेको सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको र कानून विषयमा शैक्षिक योग्यता भएकाला प्राथमिकता दिईनेछ।<br>सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा सुचना तथा परामर्श सेवा सम्वन्धि अनुभव भएकोलाई प्रथामिकता दिईने छ। |
| २ | मनोसामाजिक परामर्शकर्ता | १ (महिला) | **सामी कार्यक्रम अन्तर्गत मनोसमाजिक परामर्श सम्बन्धी ६ महिना तालीम प्राप्त मनोसामाजिक परामर्शकर्ताक सन्दर्भमा:**<br>▪ कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उत्तिर्ण गरी मनोसामाजिक परामर्श सम्वन्धी ६ महिने तालीम लिइ सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेको।<br>**नयाँ मनोसामाजिक परामर्शकर्ता भर्ना सम्बन्धी व्यवस्था:**<br>नयाँ मनोसमाजिक परामर्शकर्ता छनौट गर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तरगतको राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रले विकास गरेको तथा स्वास्थ्य मन्त्रालयले स्वीकृत गरेको तालीम पाठ्यक्रमले तोकेको योग्यता भएको हुनु पर्नेछ। जुन निम्नानुसार छ:<br>▪ मान्यताप्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट, स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ, मनोविज्ञान, समाजशास्त्र, सोसिएल वर्कमा स्नातक तह, बि.एड.स्वास्थ्य शिक्षा, पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको।<br>▪ मनोसामाजिक परामर्श सम्बन्धी तालीम प्राप्त गरी सोही क्षेत्रमा अनुभवी र महिलालाई विशेष प्राथमिकता दिईनेछ। |
| ३ | वित्तीय साक्षरता सहजकर्ता | १ (महिला) | न्यूनतम प्रवीणता प्रमाण पत्र तह वा १०+२ उत्तिर्ण, प्रौढ शिक्षा वा बयस्क साक्षरता वा अध्यापनमा २ बर्षको अनुभव भएको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |
| ४ | रिटर्नी स्वयंसेवक (आंशिक) | ३ (खुला) | ▪ न्यूनतम् कक्षा १० पास गरी वैदेशिक रोजगार (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको।<br>▪ सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ। |

**कार्य अवधि:** हाललाई २०८० असार मसान्त सम्म, कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन अनुसार नवीकरण हुन सक्नेछ।

दरखास्त दस्तुर: क्र. सं. १ देखि ३ सम्मको लागि रु ५०० र ४ को हकमा रु ३०० नगरपालिकाको राजश्व शाखामा बुझाउनु पर्ने।

**परिक्षाको किसिम :** छोटो सूची एवं अन्तवार्ता। कोहलपुर नगरपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ बमोजिम हुनेछ।

**तलव तथा अन्य सुविधा :** कार्यक्रमको नियमानुसार

उमेर: दरखास्त दिने अन्तिम मिति सम्म क्र.सं. १ देखि ३ सम्म को लागि १८ वर्ष पूरा भई ४० ननाघेको, क्र. सं. ४ को हकमा ५८ वर्ष ननाघेको

**आवश्यक कागजातहरु :** माथि उल्लेखित योग्यता पुगेका इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, सम्बन्धित पदसँग मिल्ने कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि (गैर सरकारी निकायको हकमा कार्यअवधिको तलवी प्रतिवेदन समेत अनिवार्य), नगरपालिकाको स्थायी बासिन्दा खुल्ने सरकारी कागजात, कम्तिमा पनि २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क फोन नम्वर सहितको व्यक्तिगत विवरण तथा शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साईजको एक प्रति फोटोको साथमा आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई कार्यविधिको अनुसुची-३ बमोजिमको दरखास्त फारम नगरपालिकाको वेबसाईटबाट आफै प्रिन्ट गरी भरेर कोहलपुर नगरपालिकाको सामाजिक विकास शाखामा पेश गर्नु पर्नेछ। म्याद नाघी आएका आवेदनहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

**छनौट प्रक्रिया:**

प्रारम्भिक छनौटमा छोटो सूचीमा परेका उम्मेद्वारहरुलाई अन्तर्रवार्ता र प्रयोगात्मक परिक्षामा समावेश गरिने छ। प्रत्येक पदमा अवसरबाट बञ्चितिकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणको लागि सकारात्मक विभेदको प्रकृया अवलम्बन गरिनेछ। **दरखास्त दिने अन्तिम मिति : २०७९।०४।२६** गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ। सम्पर्क मिति २०७९।४।२९ गते वेब साईट, फेशबुक पेज एवं सूचना पाटीबाट जानकारी गराईने छ।